# मिति २०८३/०५/१७ को जिल्ला समन्वय समिति,महोत्तरीको बैठक :-

आज मिति २०८३ भाद्र १७ गते बुधबार अपरान्ह ५:१५ बजे जिल्ला समन्वय समिति प्रमुख श्री सुमन कुमार लाल कर्ण ज्यूको अध्यक्षतामा तपसिलका बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला समन्वय समितिको बोर्डको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल:-

| सि.न. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुमन कुमार लाल कर्ण | जि.स.स. प्रमुख | |
| २ | श्री नन्दु महरा | जि.स.स. उप-प्रमुख | |
| ३ | श्री हरि प्रसाद गौतम | जि.स.स. सदस्य | |
| ४ | श्री रामलखन पंजियार | जि.स.स. सदस्य | |
| ५ | श्री श्याम कुमार तामाङ्ग | जि.स.स. सदस्य | |
| ६ | श्री सरयुग यादव | जि.स.स. सदस्य | |
| ७ | श्री लक्ष्मी कुमारी परियार | जि.स.स. सदस्य | लक्ष्मी |
| ८ | श्री रिता देवी साह | जि.स.स. सदस्य | रीता देवी |
| ९ | श्री रामप्रसाद लुइटेल(जिल्ला समन्वय अधिकारी) | सदस्य सचिव | |
| | आमन्त्रित सदस्य | | |
| ०१. | श्री कृष्ण कुमार सहनी | इन्जिनियर | |

## छलफल तथा निर्णयहरु :-

-समित्तिको आज मिति २०८३/०५/१७ गतेको बैठकमा छलफल भई देहाय बमोजिम निर्णय गरियो।

CamScanner

जिल्ला समन्वय समिति, महोत्तरी

**बैठकको निर्णय मिति : २०८३ साल भाद्र १७ गते**

निर्णय नं. १

**जिल्लामा नदीजन्य पदार्थ ढुंगा, गिट्टी तथा बालुवाको उत्खनन, संकलन, बिक्री तथा व्यवस्थापन सम्बन्धमा।**

जिल्ला अनुगमन समितिको मिति २०८२/०९/१४ गतेको निर्णयानुसार गठित उपसमितिले जिल्लाका विभिन्न स्थानमा स्थलगत अनुगमन गरी वस्तुस्थिति, तथ्य तथा प्रमाणका आधारमा तयार गरेकोस्थलगत अनुगमन प्रतिवेदनबैठकसमक्ष पेश भई विस्तृत छलफल गरियो।

उक्त प्रतिवेदनमा उल्लेखित तथ्य, अवस्था तथा सुझावहरूलाई आधार मानी प्रचलित कानून, मापदण्ड तथा वातावरणीय पक्षसमेतलाई ध्यानमा राखी आवश्यक नियमन, कार्यान्वयन तथा कारबाहीका लागि सम्बन्धित निकायहरूमा सुझाव सहित प्रतिवेदन पठाउने निर्णय गरियो।

साथै, नदीजन्य पदार्थको उत्खनन, संकलन तथा व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता, वातावरणीय संरक्षण तथा सार्वजनिक सरोकारलाई प्राथमिकता दिई उक्त स्थलगत अनुगमन प्रतिवेदन जिल्ला समन्वय समितिको आधिकारिक वेबसाइटमा समेत सार्वजनिक गर्ने निर्णय गरियो।

निर्णय नं. २

**जिल्लाभित्र सञ्चालित खानेपानी आयोजनाहरूको स्थलगत अनुगमन सम्वन्धमा।**

जिल्लाभित्र सञ्चालित खानेपानी आयोजनाहरूको प्रभावकारिता, सञ्चालन अवस्था, सेवाग्राहीको पहुँच, आयोजनाको प्रगति तथा देखिएका समस्या सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने विषयमा जिल्ला समन्वय समितिको मिति २०८३/०४/२० गतेको बैठकबाट जिल्ला समन्वय समितिका उपप्रमुख श्री नन्दु महराको संयोजकत्वमा स्थलगत अनुगमन समिति गठन गरीश्रावण मसान्तभित्र प्रतिवेदन पेश गर्ने समयसीमा निर्धारण गरिएकोमा सोहीअनुसार विभिन्न पालिकाअन्तर्गत रहेका२१ वटा खानेपानी आयोजनाहरूको स्थलगत अनुगमन सम्पन्न गरी प्रतिवेदन प्राप्त भएको विषय बैठक समक्ष पेश भई छलफल गरियो।

छलफलबाट प्राप्त प्रतिवेदनका आधारमा बाँकी रहेका खानेपानी आयोजनाहरूको समेत स्थलगत अनुगमन गरी वस्तुस्थिति समेटिएको प्रतिवेदन तयार गर्नुपर्ने देखिएकोले पूर्वनिर्धारित समयसीमालाई २०८३ साल भाद्र मसान्तसम्म थप गर्नेनिर्णय गरियो।

साथै, सम्बन्धित अनुगमन समितिलाई बाँकी आयोजनाहरूको स्थलगत अनुगमन सम्पन्न गरी तोकिएको समयसीमाभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो।

CamScanner

# जिल्ला समन्वय समिति, महोत्तरी

## बैठकको निर्णय मिति : २०८३ साल भाद्र १७ गते

निर्णय नं. ३

प्राकृतिक विपद्वाट प्रभावित नागरिकको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने सम्बन्धमा।

मिति २०८३ साल भाद्र १० गते नेपाल–चीन सीमावर्ती हिमाली क्षेत्रमा उत्पन्न भएको प्राकृतिक विपद्का कारण भोटेकोशी नदीमा आएको भीषण बाढी तथा बाढीपहिरोबाट सिर्जित जनधनको क्षति, मानवीय पीडा तथा विपद्को अवस्थाका सम्बन्धमा बैठकमा गम्भीर छलफल भयो। विपद्का कारण ज्यान गुमाउनु भएका सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माहरूको चिरशान्तिको कामना गरियो। साथै, शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभ तथा बेपत्ता भएका व्यक्तिहरूको शीघ्र खोजी तथा उद्धारको कामना गरियो।

विपद्को यस दु:खद् घडीमा पीडित नागरिकप्रति ऐक्यबद्धता प्रकट गर्दै मानवीय तथा संस्थागत उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोगस्वरूप देहाय बमोजिमको रकम उपलब्ध गराउनेनिर्णय गरियो:

| क्र.सं. | पद/नाम | सहयोग रकम |
|---|---|---|
| १ | जिल्ला समन्वय समितिका प्रमुख श्री सुमन कुमार लाल कर्णज्यू | रु. ५१,५००।– |
| २ | जिल्ला समन्वय समितिका उपप्रमुख श्री नन्दु महराजज्यू | रु. २१,५००।– |
| ३ | सदस्य श्री सरयुग यादवज्यू | रु. ६,५००।– |
| ४ | सदस्य श्रीमती रिता कुमारी यादवज्यू | रु. ६,५००।– |
| ५ | सदस्य श्रीमती लक्ष्मी कुमारी परियारज्यू | रु. ६,५००।– |
| ६ | सदस्य श्री हरिप्रसाद गौतमज्यू | रु. ६,५००।– |
| ७ | सदस्य श्री श्याम कुमार तामाङज्यू | रु. ६,५००।– |
| ८ | सदस्य श्री राम लखन पञ्जियारज्यू | रु. ६,५००।– |

उपरोक्तबमोजिमप्रमुखज्यूको रु. ५१,५००।–, उपप्रमुखज्यूको रु. २१,५००।– तथा प्रत्येक सदस्यज्यूको रु. ६,५००।– गरी जम्मा रु. १,१२,५००।– (अक्षरेपी एक लाख बाह्र हजार पाँच सय रुपैयाँ मात्र)रकम २०८३ साल भाद्र महिनामा प्राप्त हुने पारिश्रमिक तथा सुविधाबाट नियमानुसार कट्टा गरीप्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने व्यवस्था मिलाउन जिल्ला समन्वय समितिको कार्यालय, जलेश्वर, महोत्तरीको आर्थिक प्रशासन शाखालाई अनुरोध गर्नेनिर्णय गरियो।

शीला देवी

जिल्ला समन्वय समिति, महोत्तरी

बैठकको निर्णय मिति : २०८३ साल भाद्र १७ गते

निर्णय नं. ४

कार्बन उत्सर्जन तथा वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने उद्योगहरूको अनुगमन सम्बन्धमा।

महोत्तरी जिल्लामा सञ्चालनमा रहेका कार्बन उत्सर्जन गर्ने तथा वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने उद्योगहरूको स्थलगत अनुगमन तथा निरीक्षणलाई थपव्यवस्थित, प्रभावकारी, तथ्यमा आधारित र परिणाममुखी बनाउन आवश्यक सूचकाङ्क (Indicators) तयार गर्ने निर्णय गरियो।

उक्त सूचकाङ्कका आधारमा उद्योगहरूको वातावरणीय जोखिम, प्रदूषणको सम्भावना, मानव स्वास्थ्य तथा जनजीवनमा पर्न सक्ने प्रभाव, कानून तथा मापदण्डको पालना, वातावरणीय व्यवस्थापन लगायतका पक्षको मूल्याङ्कन गरी प्राथमिकता निर्धारणगर्ने र सोही प्राथमिकताका आधारमा चरणबद्ध रूपमा स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय गरियो।

स्थलगत अनुगमनबाट प्राप्त तथ्य तथा प्रमाणका आधारमा प्रतिवेदन तयार गरी प्रचलित कानून बमोजिम आवश्यक नियमन, सुधार, निर्देशन तथा कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

उद्योग सञ्चालनबाट आर्थिक गतिविधि र रोजगारीमा पर्ने योगदानलाई सम्मान गर्दै पनि वातावरणीय सन्तुलन, जनस्वास्थ्य, प्राकृतिक स्रोतको संरक्षण र भावी पुस्ताको अधिकारमा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधिलाई कानूनबमोजिम नियमन गर्नुपर्ने विषयमा बैठकले जोड दियो।

CamScanner